स्वतन्त्रता मञ्च
Regd. No. 127/62/63
FREEDOM FORUM
Democracy FoE Media Freedom RTI Public Finance Management

मिति: २०७६/०१/१७

*वार्षिक प्रतिवेदन: मे ३,२०१९*

**सन्दर्भ विश्व प्रेस स्वतन्त्रता दिवस**

# प्रेसमाथि बढ्दो चुनौती

- मे २०१८ देखि अप्रिल २०१९ सम्म गत एक वर्षको तथ्याङ्क विश्लेषणसहित फ्रिडम फोरमले तयार पारेको प्रतिवेदनअनुसार विगत एक वर्षमा प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा निकै बढोत्तरी पाइयो । यो वर्ष १०४ प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरू घटे जहाँ १५८ पत्रकारहरू प्रत्यक्ष प्रभावित भए । यो संख्या अघिल्लो वर्षको तुलनामा झण्डै दोब्बर संख्याले बढी हो । २०१८ मे प्रतिवेदनअनुसार नेपालमा ६६ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाको अभिलेख गरिएका थियो ।

- यस वर्षमा १०४ उल्लंघनमध्ये आक्रमण/हातपात ३१, दुर्व्यवहारका २८, समाचार संकलन रोक र तोडफोड १६, १९ वटा ज्यानमार्ने धम्की र तीन पत्रकारविरुद्ध मुद्दा रहेका छन् ।

- यी घटनामध्ये सवैभन्दा धेरै घटना ३९ वटा देशको संघीय राजधानी काठमाडौं रहेको प्रदेश नं. ३ मा र त्यसपछि प्रदेश २ मा २५ बटा प्रेस स्वतन्त्रता उल्लघंनका घटना घटे । त्यसैगरी प्रदेश १ र कर्णाली प्रदेश प्रत्येकमा सातवटा र गण्डकी प्रदेश र प्रदेश ५ प्रत्येकमा ९ र सुदूरपश्चिम प्रदेशमा ८ बटा प्रेस स्वतन्त्रता विरोधी घटना घटे ।

> *समग्रमा भन्नुपर्दा प्रेस स्वतन्त्रता उल्लंघनमा उल्लेख्य वृद्धि, स्वतन्त्र प्रेस प्रतिकूलका कानून तथा नीति निर्माण, पत्रकारहरूप्रति बढ्दो असहिष्णुता, अनादर व्यवहार, पत्रकारहरूमा बढ्दो निगरानी डिजिटल निगरानी, विगतदेखि रहँदै आएको प्रेस विरोधी घटनामा न्याय प्राप्तिमा विद्यमान दण्डहीनता अन्त्यको कुनै प्रयास नहुनु, पत्रकार तथा मिडियाको दुरुपयोग बढ्नु जस्ता कारणले गत वर्ष प्रेस स्वतन्त्रताको अवस्था चुनौतीपूर्ण, टिठलाग्दो र निराशाजनक रह्यो ।*

- समाचार लेखेकै कारण पोखराबाट पत्रकार अर्जुन गिरी पक्राउ, ललितपुरबाट राजु बस्नेतको पक्राउ र समाचार उत्पादन गरेकै कारण एफ एम स्टेसनबाट नै कर्ण विश्वकर्मा पक्राउ र बझाङ जिल्लामा खोज पत्रकारीता गरेकै कारण गणेश विक र समाचार लेखेकै कारण सर्लाहीमा पत्रकार सोम दियालीमाथि सांघातिक कुटपिट, एसइइ परीक्षाको प्रश्नपत्र बाहिरिएको समाचार लेखेकै कारण जनकपुरका पत्रकार शैलेन्द्र महतोको प्रहरीद्वारा नियन्त्रण यस वर्षका केही प्रतिनिधि घटना हुन् ।

- त्यसैगरी नेपाल टेलिभिजनमा १२ वर्षदेखि टक सो चलाइरहेका पत्रकार राजु थापा सरकारका प्रवक्तासंग कडा प्रश्न सोधिएको कारण नेपाल टेलिभिजनबाट निस्काशित भए भने सो कार्यक्रम "शिधा प्रश्न" समेत बन्द गरिएको छ । यसबाट पनि प्रेस जगत र पत्रकारितामाथि सिमितको स्वार्थ हावी रहने र सो कारणलेगर्दा पत्रकार अन्यायमा परिरहेको कुरा स्पष्ट पार्दछ ।

- देश संघीयतामा गएसँगै विभिन्न स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारले आमसञ्चार तथा मिडियासम्बन्धी नीति तथा  कानून मस्यौदा गर्ने र संसदबाट पारित गर्ने जमर्को गरेपनि प्रायजसो नीति तथा ऐन प्रेस स्वतन्त्रताका सिद्धान्त, मान्यता र संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता प्रतिकूल रहे । फौजदारी तथा देवानी संहिताको कार्यान्वयन र त्यसको सुधारको मागप्रति बेवास्ता तथा संघीय संसदमा पेश भएको सूचना तथा प्रविधि विधेयकले समग्र मिडियाकर्मी तथा अभिव्यक्ति स्वतन्त्रता वकालतकर्ताको ध्यान खिचिरहेको छ । त्यसैगरी यसै वर्ष संविधान प्रद्त्त गोपनियताको हकलाई प्रचलनमा ल्याउन बनेको गोपनियता सम्बन्धी कानून मार्फत पनि अभिव्यक्ति र प्रेस स्वतन्त्रतालाई अंकुस लाउन खोजेको देखिन्छ ।

- सामाजिक सञ्जालमाथि नियन्त्रण गर्ने प्रयास भए पनि यो विधेयकले सामाजिक सञ्जालमा हुने अभिव्यक्ति स्वतन्त्रता कटौती गर्ने उद्देश्य राख्यो । त्यसैगरी अघिल्लो वर्ष जारी भएको मुलुकी देवानी तथा फैजदारी संहिता कार्यन्वयनमा ल्याएपछि निक्कै विवादित रह्यो  किनकी संहिताले पत्रकारलाई फोटो खिच्न समेत अनुमति माग्नुपर्ने र अन्य नियन्त्रणकारी प्रावधानले स्वतन्त्र प्रेसमा अंकुस लाउने देखियो ।

- यी कानूनहरूमा अभिव्यक्ति तथा प्रेस कर्मलाई फौजदारी अपराधको दायरामा नियन्त्रण गर्ने अवस्था रहे । त्यसैगरी संघीय संसदमा ल्याइएको विज्ञापन विधेयकले पनि विज्ञापन छाप्दा मिडियामा हुने गल्तीका कारण पत्रकारमाथि कठोर दण्ड सजायको व्यवस्था गऱ्यो । लामो समयदेखि विद्युतीय कारोबार ऐन खारेजी हुनुपर्छ भन्ने माग सरकारी पक्षबाट पूर्णरुपमा बेवास्ता गरिएको छ ।  सोही ऐनको सहारा लिंदै डिजिटल माध्यममा पत्रकारिता गरेकै कारण पत्रकार पक्राउ गर्ने र धम्की दिने काम जारी छ ।

- प्रदेशको कुरा गर्दा प्रदेश १ ले  प्रदेश रेडियो, एफ एम र टेलिभिजन प्रशारणसम्बन्धी ऐन २०७५ प्रशारण ऐन बनायो, जहाँ स्वतन्त्र प्रेसको मान्यता उल्लघंन भएको छ । प्रदेश २ ले प्रदेश सञ्चारमाध्यम व्यवस्था गर्ने विधेयक ल्याउँदै छ । अर्को प्रदेश एफ.एम तथा टेलिभिजन सम्बन्धी प्रारम्भिक मस्यौदा गर्दैछ । सूचनाको हकसम्बन्धी विधेयक पनि मस्यौदाको क्रममै रहेको छ ।

- त्यस्तै प्रदेश ३ ले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन २०७५  बनायो । यसमा पनि प्रेस स्वतन्त्रतालाई थप चुनौती हुने कयौं प्रावधान छन् ।  साथै प्रदेश ३ मै सूचनासम्बन्धी हकको विधेयक प्रदेशसभामा छलफलको क्रममा रहेको छ । गण्डकी प्रदेशले आम सञ्चार नीति  २०७५ ल्याएको छ । साथै प्रदेश आम सञ्चार विधेयक मस्यौदामै छ । त्यसैगरी प्रदेश ५ ले पनि आम सञ्चार नीति २०७५ पारित गरेको छ भने  प्रशारण र प्रदेश छापाखानासम्बन्धी २ वटा विधेयक प्रदेश सभामा विचाराधीन अवस्थामा छन् । कर्णाली प्रदेशमा समेत प्रशारणसम्बन्धी विधेयक प्रदेश सभामा विचाराधीन अवस्थामा छ ।  जसमा प्रशस्त कमजोरी छन् । प्रदेशतहबाट नियन्त्रणात्मक कानून बनाउने एउटै प्रकारको प्रवृत्ति सबै प्रदेशमा देखिन्छ ।

- इन्टरनेटको विस्तार भएसँगै नेपालमा अनलाइन मिडियाको संख्या प्रेस क्याउनसिलका अनुसार गत चैत्रसम्ममा १६०० पुगेको छ तर यो संख्या हेर्दा अनलाइन मिडियाको संख्या निक्कै बढी रहेको अनुमान गर्न सकिन्छ । अनलाइन मिडिया र सामाजिक सञ्जालको पहुँच भएसँगै जनताको अभिव्यक्ति स्वतन्त्रता प्रयोगमा उल्लेखनीय सहयोग भए पनि डिजिटल मिडियामाथि बढ्दो नियन्त्रणले भने चुनौतीपूर्ण वातावरण सिर्जना भएको छ ।

- सरकारी तथा विभिन्न राजनीतिक संयन्त्रबाट मौखिक रुपमा प्रेस स्वतन्त्रतासम्बन्धी प्रतिबद्धता जनाए पनि सरकारी कर्मचारी, तल्लो तहका सुरक्षाकर्मी र स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधि एवम् अधिकारी तथा राजनीतिक दलका कार्यकर्ताको संख्या पत्रकार विरोधी गतिविधिमा उल्लेखनीय देखिएकाले राजनितिक क्षेत्र प्रेस स्वतन्त्रताको मर्मप्रति संवेदनशील नरहेको स्पष्ट हुन्छ।

- समाजका आपराधिक, भ्रष्ट र असामाजिक तत्वबाट पत्रकारहरूमाथि आक्रमण भइरहेका छन् । गैर राज्य पक्षको आक्रमण निरुत्साहित गर्न राज्य संयन्त्र संवेदनशील हुनुपर्नेमा राज्यकै संयन्त्रबाट प्रेस विरुद्ध देखिनुले झनै भयावह अवस्थाको चित्रित गरेको छ । जुन लोकतान्त्रिक पद्धतिको सुदृढीकरणका लागि व्यवसायिक प्रेसको विकास हुनुपर्नेमा विभिन्न कानुन तथा असहिष्णु व्यवहारबाट पत्रकारमाथि दबदबा सिर्जना गर्नाले स्वतन्त्र पत्रकारिता समस्यामा परेको छ ।

- पत्रकार आफैले पनि स्वःनियमन तथा व्यवसायिक धर्मको निर्वाह गर्न सचेत नहुनु र प्रादेशिक तथा स्थानीय सरकारसँगको बढ्दो साँठगाँठ र संलग्नताले स्थानीय पत्रकारिता भुत्ते हुँदै गएको र पत्रकारहरूको मूल धर्म छायाँमा परेको छ । यी माथिका प्रवृत्तिहरूको विश्लेषण गर्दा नेपालमा कानुनको शासन भन्दा पनि जथाभावी कानूनद्धारा शासन गर्ने प्रवृत्ति बढेर गएको देखिन्छ जुन भविष्यमा स्वतन्त्र प्रेसका लागि ठूलो चुनौती हो ।

- त्यसैगरी भ्रष्टचार तथा सामाजिक विकृति लगायत जनसरोकारका विषयमा नियमित खोजमूलक समाचार खोज्ने र लेख्ने पत्रकारहरूलाई विशेष सावधानी तथा सुरक्षाको वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।
- स्वतन्त्र प्रेसका लागि वातावरण तयार गर्न अभिव्यक्ति स्वतन्त्रताका सम्पूर्ण सारेकारवाला पक्षहरूबीच सहकार्य बढाउनुपर्ने देखिन्छ भने नागरिक समाजको पहरेदारी पनि बढ्नुपर्ने देखिन्छ ।
- विगतदेखि बाँकी रहेको प्रेस स्वतन्त्रताविरुद्धका घटनामा न्याय सुनिश्चित हुन नसकिरहेको सम्बन्धी दण्डीहनताको अवस्था अन्त्यका लागि राज्यले शीघ्र पहल गर्नुपर्ने देखिन्छ ।
- कानून निमार्ण प्रक्रियामा अपारदर्शिता र सरोकारवालाहरूसँग सल्लाह नगर्ने स्वेच्छाचारी शैली देखिएको अवस्था पनि निकै गम्भीर छ ।
- संविधानले प्रस्तावानामा भनिएबमोजिम पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित कानूनबाट गर्न र व्यवहारमा पनि प्रेस स्वतन्त्रताको प्रत्याभुतिका लागि सरकारलाई सम्झाउँदै यसतर्फ इमानदार र प्रतिबद्ध बनाउन आमसञ्चार जगत, नागरिक समाज र आम नेपालीले दबाब दिनुपर्ने र सचेत निगरानी बढाउनुपर्ने आवश्यकता छ ।

तारानाथ दाहाल
कार्यकारी प्रमुख